# बेशीसहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बेशीसहर, लमजुङ्ग
गण्डकी प्रदेश, नेपाल

**वडा कार्यालय भवन निर्माण,न्यानो झोला र सेनेटरी प्याड खरिदको सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी ई– विडिङ्गको सूचना**

**( प्रकाशित मिति : २०७७/१२/०६ गते)**

वेशीसहर नगरपालिका अन्तर्गत देहायका कार्यहरुका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो दरभाउपत्र सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ । दरभाउपत्र सम्बन्धी थप जानकारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट bolpatra.gov.np/egp वा यस कार्यालयको सूचनापाटी तथा कार्यालयको वेभ साईट www.besisaharmun.gov.np मा हेर्न सकिने छ । साथै कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ । ठेक्काको विवरण यस प्रकार छ ।

| क्र.स | ठेक्का नं. | कामको विवरण | लागत अनुमान अंक ( मु.अ.कर समेत) रु. | धरौटी रकम रु. | सिलवन्दी दरभाउ पत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | निर्माण/राष्ट्रिय/०५/०७७/०७८ | वडा नं. ५ को वडा कार्यालय भवन निर्माण–नाल्मा | १९४०१२१।८३ | ४८५०० | १०००।० | दोश्रो पटक प्रकाशित |
| २ | खरिद/न्यानो झोला/०२/०७७/०७८ | न्यानो झोला खरिद | रु .११७०००००।० | २६०००।० | १०००।० | प्रथम पटक प्रकाशित |
| ३ | खरिद/सेनेटरी प्याड/०३/०७७/०७८ | सेनेटरी प्याड खरिद | रु .१५९३००००।० | ३५५००।० | १०००।० | प्रथम पटक प्रकाशित |

**क. शर्तहरु :**

१। दरभाउपत्रदाताले यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० वजे भित्र ई–विडिङ्ग मार्फत दरभाउपत्र पेश गरि सक्नुपर्नेछ ।

२। ई–विडिङ्ग मार्फत पेश भएका दरभाउपत्रहरु सोही दिन दिनको १:०० वजे नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

३। दरभाउपत्रदाताले इ-विडिङ्गको साथमा दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर , विडबण्ड वा धरौटी राखेको रकमको सक्कल प्रति, नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता र नविकरणको प्रमाण आदिको नोटरीबाट प्रमाणित गराएको प्रमाणित प्रतिलिपि समावेश गरेको हुनुपर्नेछ । साथै दरभाउपत्र खरिद गर्दा तिरेको बैक भौचर धरौटी रकमको भौचरमा अनिवार्य रुपमा ठेक्का नं. उल्लेख गर्नुपर्नेछ ।

४। ई–विडिङ्ग बाहेक अन्य तरिकाबाट पेश गरिएको दरभाउपत्र स्वीकार्य हुनेछैन ।

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

५। दरभाउपत्र खरिद बापत नियमानुसार लाग्ने दस्तुर रकम यस कार्यालयको रा.वा. बैक, बेशीसहर शाखामा रहेको आन्तरिक आय खोता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा दाखिला गरेको हुनुपर्नेछ ।

६। ठेक्का लिन चाहने इच्छुक फर्मले धरौटी बापत कबोल अंकको कम्तीमा २.५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस बेशीसहर नगरपालिका कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंकको चल्ती हिसाव नं. ग-३-३०४०१००३०३००००२ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको ई–कपी वा "क" वर्गको बाणिज्य बैकबाट जारी गरेको दरभाउपत्र मान्य अवधिबाट कम्तीमा ९० दिन अवधिको विडबण्डको ई–कपी पेश गरेको हुनुपर्नेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलेको मिति देखि न्युनतम ९० दिनको हुनेछ ।

७। दरभाउपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम दरभाउपत्र खोलिने कार्यक्रम पनि हुनेछ ।

८। रितपूर्वक दाखिला भएका दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संसोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहिततको दरभाउपत्र स्वीकार्य हुने छैन ।

९। प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनुपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१०। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
वेसीशहर नगरपालिका

लिला वल्लभ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत